# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ ५ गते २०४५ साल (अतिरिक्ताङ्क २८ (ग)

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट वि.सं. २०४५ साल भदौ ५ गते आईतबारका दिन पूर्वाञ्चल तथा काठमाडौं उपत्यका लगायतका विभिन्न ठाउँहरूमा गएको भूकम्पबाट पीडित परिवारहरूप्रति समवेदना प्रकट गरिबक्सँदै देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

आज बिहान पूर्वाञ्चल तथा काठमाडौं उपत्यका लगायतका विभिन्न ठाउँहरूमा गएको भूकम्पबाट हुन पुगेको धन-जनको क्षतिको कुरा सुनेर हाम्रा बडामहारानीका साथै हामीलाई दुःख लागेको छ । यस भूकम्पको धक्काले के कति क्षति पुऱ्याएको छ भन्ने विषयमा राम्ररी लेखा-जोखा गर्न अझै केही समय लाग्नेछ। तापनि भूकम्पबाट पीडित जनताको राम्रो हेर विचार तथा उद्धार गर्दै तत्काल सक्दो सहायता पुऱ्याउन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हामीले हाम्रो सरकारलाई अह्राएका छौं । यस्तो दुःखको बेला सबै नेपाली मिलेर उद्धार कार्यमा योगदान पुऱ्याउनु सबैको कर्तव्य हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन ।

अन्तमा, यस प्रकारको दैवी प्रकोपबाट शोकाकुल हुन पुगेका परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको रक्षा गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

३०६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।